# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, असोज ३० गते, २०७४ साल (अतिरिक्ताङ्क २२ख


## भाग २

**नेपाल सरकार**

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७४ सालको ऐन नं. ३९**

### केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : मुलुकमा प्रचलित देवानी कानून, देवानी कार्यविधि कानून तथा फौजदारी कानून, फौजदारी कार्यविधि कानूनसँग सम्बन्धित व्यवस्थाहरूलाई संशोधन र एकीकरण गरी संहितावद्ध बनाइएका छुट्टा छुट्टै मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्था अनुरुप हुने गरी प्रचलित नेपाल कानूनमा संशोधन, एकीकरण, समायोजन र खारेज गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "मुलुकी अपराध संहिता" भन्नाले मुलुकी अपराध (संहिता) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "मुलुकी देवानी कार्यविधि संहिता" भन्नाले मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "मुलुकी देवानी संहिता" भन्नाले मुलुकी देवानी (संहिता) ऐन, २०७४ सम्झनु पर्छ ।

(घ) "मुलुकी फौजदारी कार्यविधि संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ सम्झनु पर्छ ।

३. जलचर संरक्षण ऐन, २०१७ मा संशोधन : जलचर संरक्षण ऐन, २०१७ को,-

(१) दफा ८ को उपदफा (१) मा रहेका "पाँच हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा १२ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निकालिएको आदेश बर्खिलाप कसैले कुनै काम गरे गराएको देखेमा वा सोको प्रमाण पाएमा स्थानीय अधिकारीले जारी गरेको पक्राउ पूर्जी बमोजिम गिरफ्तार गर्न तथा कसूर

गर्ने व्यक्ति तत्काल पक्राउ नगरेमा वा त्यस्तो व्यक्ति भाग्ने, उम्कने वा निजले प्रमाण, दसी वा सबुत नष्ट गर्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर गरिरहेको अवस्थामा वा स्थानीय अधिकारीको सामुन्नेमा भए त्यस्तो व्यक्तिलाई स्थानीय अधिकारीले तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी गिरफ्तार गरी कसूरमा प्रयोग भएका हतियार, सामान र चीज वस्तुहरू समेत कब्जा गर्न सक्नेछ । स्थानीय अधिकारीबाट खटिएका कर्मचारी वा कुनै प्रहरी कर्मचारीले गिरफ्तार गरेको व्यक्ति र कब्जा गरेको हतियार, सामान र चीज वस्तुलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र स्थानीय अधिकारी समक्ष बुझाई दिनु पर्छ ।"

(ख) उपदफा (२) मा रहेका "स्थानीय हाकिमले" भन्ने शब्दहरूको सट्टा "स्थानीय अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

४. विष्फोटक पदार्थ ऐन, २०१८ मा संशोधन : विष्फोटक पदार्थ ऐन, २०१८ को,-

(१) दफा २ को,

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "विष्फोटक पदार्थ" भन्नाले विष्फोटन भई क्षति पुऱ्याउने आई.ई.डी; टी.एन.सी. एमाटोल, बारोटोल, पेन्टोलाइट,

र्‍यापिड डिटोर्नेटिभ एक्स्प्लोसिभ (आर.डी.एक्स), टोर फेक्स, ब्लाष्टिक एक्स्प्लोसिभ, डाइनामाइट, बारुद, नाइट्रोग्लिसिरिन, जेलेग्नाइट, स्टेमाइट, सेल्साइट, डिटोनेटर, ब्लाष्टिक क्याप, विद्युतीय ब्लाष्टिक क्याप, फ्यूज, आतिसबाजी, पटाका, गन कटन, गन पाउडर ब्लास्टिक पाउडर, पारो (मर्करी) वा अन्य कुनै धातुको फुल्यूनेट, सोही प्रकृतिका विष्फोटन हुने अन्य कुनै पदार्थ वा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै पदार्थ सम्झनु पर्छ र सो शब्दले बम समेतलाई जनाउँछ।"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) "बम" भन्नाले कुनै विष्फोटक पदार्थ वा अन्य कुनै साधन, फर्मूला, प्रक्रिया वा उपायद्वारा आफैं वा अन्य कुनै पदार्थद्वारा विष्फोटन हुने गरी बनाइएको ग्रिनेड वा त्यस्तै प्रकृतिको अन्य विष्फोटक पदार्थयुक्त वस्तु वा पदार्थ सम्झनु पर्छ।"

(२) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. इजाजत पत्र लिनु पर्ने : (१) विष्फोटक पदार्थ उत्पादन गर्न, राख्न, प्रयोग गर्न, बिक्री गर्न, ढुवानी वा परिवहन र पैठारी गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम इजाजत पत्र लिनु पर्नेछ । त्यस्तो प्रत्येक इजाजतपत्रको ढाँचा, त्यसमा लाग्ने दस्तुर र त्यसको म्याद तोकिए बमोजिमको हुनेछ ।

(२) कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, ढुवानी वा परिवहन गर्ने वा पैठारी गर्ने कामको इजाजतपत्र लिन चाहने वा त्यस्तो इजाजतपत्रको म्याद बढाउन चाहने व्यक्तिले तोकिएको विवरणहरू सहित तोकिएको ढाँचाको आवेदनपत्र प्रमुख जिल्ला अधिकारी समक्ष दिनु पर्छ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूको अधीनमा रही प्रमुख जिल्ला अधिकारीले कुनै इजाजतपत्रमा लेखिएका कुनै कुरामा सम्बन्धित इजाजतपत्रवालालाई सूचना दिई आवश्यक देखेको संशोधन गर्न सक्नेछ ।

(४) आफ्नो इजाजतपत्रमा संशोधन गर्न चाहने कुनै व्यक्तिले सो संशोधन गर्न चाहेको कुरा र त्यसको कारण खोली प्रमुख जिल्ला अधिकारी समक्ष आवेदनपत्र दिनु पर्छ । त्यसरी संशोधन गर्न लाग्ने दस्तुर तोकिए बमोजिमको हुनेछ ।"

(३) दफा ४ पछि देहायका दफा ४क. र ४ख. थपिएका छन् :-

"४क. उत्पादन वा कारोबारको अभिलेख राख्नु पर्ने : (१) विष्फोटक पदार्थको उत्पादन वा कारोबार गर्न इजाजत प्राप्त गरेको व्यक्तिले त्यस्तो पदार्थको उत्पादन, निर्माण, तयारी वा

कारोबार गर्दा प्रत्येक पटक उत्पादन वा कारोबार गरेको प्रत्येक विष्फोटक पदार्थको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखमा अन्य कुराको अतिरिक्त देहायका विवरण खुलाउनु पर्नेछ :-

(क) के कस्ता विष्फोटक पदार्थ, के कति परिमाणमा उत्पादन, तयारी वा निर्माण भएको हो, सो कुरा,

(ख) विस्फोटक पदार्थको कारोबार भएको भए के कस्तो प्रयोजनका लागि कारोबार भएको हो,

(ग) विस्फोटक पदार्थ बिक्री वितरण भएको भए कुन व्यक्तिलाई के कस्तो प्रयोजनका लागि के कति परिमाण बिक्री वितरण भएको हो ।

(३) उपदफा (१) बमोजिम राखिएको अभिलेख बिस्फोटक पदार्थको कारोबार गर्ने व्यक्तिले प्रमुख जिल्ला अधिकारी, मुद्दाको तहकिकात वा अभियोजन गर्ने अधिकारी वा मुद्दा हेर्ने अधिकारीले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफा विपरीत काम गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

४ख. <u>होसियारी अपनाउनु पर्ने</u> : विष्फोटक पदार्थको कारोबार गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्तिले त्यस्ता वस्तुको प्रयोग गर्दा, ढुवानी वा ओसार पसार गर्दा वा भण्डारण गर्दा त्यस्तो पदार्थको प्रकृति अनुसार पर्याप्त सुरक्षा हुने गरी प्रयोग गर्नु वा उपयुक्त उपकरणमा राखी होसियारी पूर्वक ढुवानी वा ओसार पसार वा भण्डारण गर्नु पर्नेछ।"

(४) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. <u>गिरफ्तार गर्ने अधिकार</u> : (१) कुनै व्यक्तिलाई यस ऐन बमोजिमको कुनै कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान गर्ने अधिकारीले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई प्रहरीले गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ।

(४) कसैले यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूर गर्न लागेको फेला परेमा, निजको सो कामले गर्दा कुनै विष्फोटक पदार्थ उत्पादन हुने वा थन्क्याइने कुनै ठाउँ वा कुनै रेल्वे लाइन वा कुनै विमानस्थल वा कुनै माल बाहक वा त्यसको आसपासमा विष्फोटन हुने वा आगलागी हुने सम्भावना देखिएमा सो ठाउँको भोग चलन गर्ने व्यक्तिले वा निजको

प्रतिनिधि वा निजबाट अधिकार पाएको अरु व्यक्तिले वा सार्वजनिक यातायातका धनी वा कर्मचारीले वा रेल्वे प्रशासन वा विमानस्थलका कुनै कर्मचारीले त्यस्तो व्यक्तिलाई भाग्न उम्कन नपाउने व्यवस्था गरी प्रहरीलाई खबर गर्नु पर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिमको अवस्था भएमा वा त्यस्तो व्यक्तिलाई तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने, उम्कने वा निजले प्रमाण, दसी वा सबुत नष्ट गर्न सक्ने मनासिब कारण भएमा प्रहरीले त्यस्तो व्यक्तिलाई पक्राउ पूर्जी बिना गिरफ्तार गर्न सक्नेछ र गिरफ्तार गरिएको व्यक्तिलाई बाटाका म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।"

५. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधन : विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११ङ को उपदफा (१) मा रहेका "अनुसन्धान अधिकारीको आदेशले" भन्ने शब्दहरूको सट्टा "अनुसन्धान अधिकृतले पक्राउ पूर्जी जारी गर्न सम्बन्धित अदालतमा निवेदन दिई पक्राउ पूर्जी जारी भई आए पछि" भन्ने शब्दहरू राखी सोही उपदफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर त्यस्तो व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबुत नष्ट गर्न सक्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर गरिरहेको अवस्थामा वा अनुसन्धान अधिकारीको उपस्थितिमा रहेमा त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी गिरफ्तार गर्न सकिनेछ ।"

६. हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन : हातहतियार खरखजाना ऐन, २०१९ को,–

(१) दफा २ को,

(क) खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

"(क) "हातहतियार" भन्नाले तोप, मोर्टार, बख्तरबन्द गाडी, मेशिनगन, राइफल, बन्दुक, पिस्तोल, रिभल्भर वा खरखजाना प्रयोग गरी वा नगरी चलाइने त्यस्तै प्रकृतिका अन्य यन्त्र सम्झनु पर्छ र सो शब्दले हातहतियार बनाउने मेशिन, उपकरण र हातहतियारको पाटपूर्जा समेतलाई जनाउँछ ।

(ख) "मेशिनगन" भन्नाले ब्रेनगन, लुइसगन, स्टेगन, मेशिन, कारबाइन, टम्स मेशिन कारबाइन, जी.एम.जी, एल. एम. जी, सर्ट मेशिन गन वा त्यस्तै प्रकृतिका स्वचालित हातहतियार सम्झनु पर्छ र सो शब्दले मेशिनगन बनाउने मेशिन, उपकरण र मेशिनगनको पाटपूर्जा समेतलाई जनाउँछ ।

(ग) "खरखजाना" भन्नाले हातहतियारमा राख्ने बारुद, केप, गोली, छर्रा, डिटोरेनेटर, कार्तुस, फ्यूज वा त्यस्तै प्रकृतिका अन्य पदार्थ समेतलाई जनाउँछ ।"

(ख) खण्ड (घ) झिकिएको छ ।

(२) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. इजाजतपत्र लिनु पर्ने : देहायका कुनै कार्य गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्नेछ :-

(क) हातहतियार वा खरखजाना बनाउन वा मर्मत गर्न,

(ख) हातहतियार वा खरखजानाको निकासी वा पैठारी गर्न,

(ग) हातहतियार वा खरखजाना राख्न वा लिएर हिंड्न ।"

(३) दफा ३ पछि देहायको दफा ३क. थपिएको छ :-

"३क. स्वीकृति लिनु पर्ने : (१) कसैले पनि आफूसँग भएको निजी उपयोगको हातहतियार वा खरखजाना प्रचलित कानून बमोजिम निषेध गरेको अवस्थामा बाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्नु पर्दा खरिद गर्ने वा प्राप्त गर्ने व्यक्तिको नाम, थर, ठेगाना र नागरिकता नम्बर उल्लेख गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) विपरीत काम गर्ने व्यक्तिलाई दुई बर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।"

(४) दफा ५ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बिपरीतको कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।"

(ख) उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थपिएका छन् :-

(३) उपदफा (२) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई प्रमुख जिल्ला अधिकारी वा निजले खटाएको व्यक्ति वा प्रहरीले गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र बेगर वा यस ऐनका विरुद्ध हातहतियार लिएर हिड्ने कुनै व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबूत नष्ट गर्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी जुनसुकै ठाउँमा पक्राउ गरी निजले साथमा लिएको हातहतियार कब्जा समेत गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको

लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ।"

(५) दफा ६ को,-

(क) उपदफा (१) मा रहेका "नेपालबाट विदेशमा वा विदेशबाट नेपालभित्र वा नेपालको" भन्ने शब्दहरूको सट्टा "निकासी वा पैठारी गरेको वा" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "२४ घण्टाभित्र" भन्ने शब्दहरू पछि "तुरुन्त" भन्ने शब्द राखिएको छ।

(६) दफा ९ को उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दफा १६ बमोजिम" भन्ने शब्दहरू झिकिएका छन्।

(७) दफा १६ मा रहेका "यस ऐन अन्तर्गत सजाय हुने कसूर" भन्ने शब्दहरूको सट्टा "हातहतियार खरखजाना सम्बन्धी कसूर" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा २५ मा रहेका "यो ऐनको प्रतिकूल कुनै कार्य गरे भएको कुरा जाहेर गर्ने व्यक्तिलाई निजको जाहेरीबाट चलेको मुद्दामा" भन्ने शब्दहरूको सट्टा "हातहतियार खरखजाना सम्बन्धी कसूरको सूचना दिने व्यक्तिलाई सो मुद्दामा" भन्ने शब्दहरू राखिएका छन।

(९) दफा १९, २०, २१, २२, २३ र २७ खारेज गरिएका छन्।

७. <u>हुलाक ऐन, २०१९ मा संशोधन</u> : हुलाक ऐन, २०१९ को,

(१) दफा ४६ को,-

(क) उपदफा (१) मा रहेका "वा पाँच हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "वा पचास हजार

रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "एक वर्षसम्म कैद वा ने.रु. पाँच सयसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ४७ मा रहेका "वा ने.रु. पाँच सयसम्म जरिबाना" भने शब्दहरूको सट्टा "वा दश हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ४८ मा रहेका "वा ने.रु. पाँच सयसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "वा दश हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ४९ मा रहेका "वा ने.रु. एक हजारसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "वा बीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा ५० मा रहेका "वा ने.रु. एक हजारसम्म" भन्ने शब्दहरूको सट्टा "वा बीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा ५४ को उपदफा (१) मा रहेका "वा ने.रु. पाँच सयसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "वा दश हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा ५८ मा रहेका "वा पाँच सय रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "वा पाँच हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा ६१ मा रहेका "वा ने.रु. पन्ध्र सयसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "वा तीस

हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन् ।

(९) दफा ६२ मा रहेका "बढीमा दुई हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन् ।

(१०) दफा ६३ मा रहेका "बढीमा तीन वर्षसम्म कैद वा ने.रु. पन्ध्र सयसम्म जरिबाना वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन् ।

(११) दफा ६८क. मा रहेका "६१क. र ६२" भन्ने शब्दहरूको सट्टा "र ६१क" भन्ने शब्दहरू राखिएका छन् ।

८. जग्गा (नाप जाँच) ऐन, २०१९ मा संशोधन : जग्गा (नाप जाँच) ऐन, २०१९ को,-

(१) दफा २ को,-

(क) खण्ड (ङ) र (च) को सट्टा देहायको खण्ड (ङ) र (च) राखिएका छन् :-

"(ङ) "सरकारी जग्गा" भन्नाले नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेका देहायको जग्गा सम्झनु पर्छ :-

(१) सरकारी घर, भवन वा जग्गा,

(२) सडक, बाटो वा रेल्वे,

(३) वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान,

(४) नदी, खोलानाला, ताल, पोखरी तथा सोको डिल,

(५) नहर, कुलो वा ऐलानी, पर्ती जग्गा,

(६) खनिज वा खनिज पदार्थ,

(७) हिमाल, भिर, पहरा, डगर, बगर, सार्वजनिक बगैंचा, वा

(८) सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको निजी जग्गा बाहेकको अन्य जग्गा ।

(च) "सार्वजनिक जग्गा" भन्नाले सार्वजनिक प्रयोजनको लागि रहेका देहायको जग्गा सम्झनु पर्छ :-

(१) परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो,

(२) कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा सोको डिल,

(३) गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टीस्थल,

चिहान, मसानघाट, समाधिस्थल कब्रिस्थान रहेको जग्गा,

(४) पाटी, पौवा, देवल, धार्मिक उपासना स्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जिद, इदगाह, कब्रगाह, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा,

(५) हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, वा

(६) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको अन्य जग्गा ।"

(ख) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :-

"(च१) "सामुदायिक जग्गा" भन्नाले कुनै समुदायले आफ्नो प्रयोजनको लागि राखेको जग्गा वा त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्वमा

रहेको अन्य जग्गा सम्झनु पर्छ ।"

(२) दफा ६ को उपदफा (५) मा रहेका "सार्वजनिक जग्गा," भन्ने शब्दहरू पछि "सामुदायिक जग्गा" भन्ने शब्दहरू थपिएका छन् ।

(३) दफा ६ग. को ठाउँ ठाउँमा रहेका "सरकारी वा सार्वजनिक जग्गा" भन्ने शब्दहरूको सट्टा "सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा" भन्ने शब्दहरू राखिएका छन् ।

(४) दफा ७ को उपदफा (२) को ठाउँ ठाउँमा रहेका "सरकारी वा सार्वजनिक जग्गा" भन्ने शब्दहरूको सट्टा "सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा" भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ८ को उपदफा (४) मा रहेका "सरकारी जग्गा वा सार्वजनिक जग्गाको" भन्ने शब्दहरूको सट्टा "सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाको" भन्ने शब्दहरू राखिएका छन् ।

(६) दफा ११ख. मा रहेका "सार्वजनिक जग्गा" भन्ने शब्दहरू पछि "सामुदायिक जग्गा" भन्ने शब्दहरू थपिएका छन् ।

(७) दफा ११ग. मा रहेका "वा सार्वजनिक जग्गाको" भन्ने शब्दहरूको सट्टा "सार्वजनिक वा सामुदायिक जग्गाको" भन्ने शब्दहरू राखिएका छन् ।

९. <u>कारागार ऐन, २०१९ मा संशोधन</u> : कारागार ऐन, २०१९ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानून

बमोजिम कुनै खास किसिमका मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।"

(२) दफा १२ मा रहेका "राजकाज सम्बन्धी मुद्दाको वा दामल वा" भन्ने शब्दहरू झिकिएका छन् ।

(३) दफा २४ को उपदफा (१) को ठाउँ ठाउँमा रहेका "दामल वा" भन्ने शब्दहरू झिकिएका छन् ।

(४) दफा १०क., दफा १०ख. र दफा १०ग. खारेज गरिएका छन् ।

१०. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० मा संशोधन : नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २६ को,-

(१) उपदफा (३) मा रहेका "तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँ वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "तीन वर्ष सम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (३) पछि देहायको उपदफा ४ थपिएको छ :-

"(४) कसैले यस ऐन बमोजिमको कसूर गरेको कारणबाट कसैको ज्यान मरेमा वा अङ्गभङ्ग भएमा वा अन्य हानि, नोक्सान वा क्षति पुगेकोमा कसूरदारबाट सम्बन्धित पीडितलाई र निजको मृत्यु भएकोमा निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।"

११. खाद्य ऐन, २०२३ मा संशोधन : खाद्य ऐन, २०२३ को,-

(१) दफा ४ को सट्टा देहायको दफा (४) राखिएको छ :-

"४. झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने : कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो

भनी वा न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा अखाद्य पदार्थ वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्न हुँदैन ।"

(२) दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :-

"५. दण्ड सजाय : (१) दफा ३ वा दफा ४ विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशको अन्य कुनै कुरा उल्लङ्घन गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) कसैले यस ऐन बमोजिमको कुनै कसूर गरी कसैलाई हानि, नोक्सानी पुऱ्याएमा त्यस्तो कसूरदारबाट सम्बन्धित पीडितलाई मनासिब क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।"

(३) दफा ११ मा रहेका "उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखने ।

१२. <u>होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ मा संशोधन</u> : होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ को दफा ७ मा रहेका "१६ वर्ष

मुनिका नाबालक" भन्ने शब्दहरूको सट्टा "अठार वर्ष मुनिका बालबालिका" भन्ने शब्दहरू राखिएका छन्।

१३. राहदानी ऐन, २०२४ मा संशोधन : राहदानी ऐन, २०२४ को दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :–

"५. सजाय : कसैले देहायको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछ :–

(क) आफ्नो नाउँको राहदानी अरुलाई प्रयोग गर्न दिएमा वा अर्काको राहदानी प्रयोग गरेमा पाँच बर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना।

(ख) जानीजानी झुट्टा विवरण दिई राहदानी प्राप्त गरेमा वा प्राप्त गर्ने उद्योग गरेमा वा दफा ३ विपरीत विदेशको भ्रमण गरेमा वा गर्ने उद्योग गरेमा वा नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना नगरेमा वा जुन उद्देश्यको लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानीको प्रयोग गरेमा तीन बर्षसम्म कैद र तीसहजार रुपैयाँसम्म जरिबाना।

(ग) खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम कारबाही गरेमा निजलाई एक बर्षसम्म कैद र दश हजार रुपैयाँ सम्म जरिबाना।"

१४. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ मा संशोधन : स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को,–

(१) दफा १९ पछि देहायको दफा १९क. र १९ख. थप गर्ने,–

"१९क. नाप्ने वा तौलने साधन नक्कली बनाउन वा चलन गर्न नहुने : (१)

कसैले नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुनै साधन निर्धारित स्तर भन्दा घटी वा बढी हुने गरी बनाउन वा बनाउन लगाउन वा त्यसरी बनाएको नाप्ने, तौलने, गुणस्तर निर्धारण गर्ने साधन जानीजानी सक्कली सरह चलन गर्न वा चलन गर्ने नियतले राख्न वा बिक्री गर्न वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा नक्कली बनाउन वा नाप्ने, तौलने वा बदनियतपूर्वक गुणस्तर निर्धारण गर्ने साधनको छाप वा टाँचा जानीजानी बिगार्न वा अर्को कुनै साधनको मद्दतले त्यस्तो साधनको नाप्ने, तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पार्न वा त्यस्तो साधनमा नक्कली छाप वा टाँचा लगाउन वा अन्य कुनै उपायद्वारा चलन चल्तीको नाप वा तौललाई घटी बढी हुन सक्ने बनाउन हुँदैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन" भन्नाले कुनै बस्तु वा सेवाको इकाई, गुण वा परिमाण वा त्यस्तो बस्तु वा सेवाको शुद्धता वा स्तर वा कुनै वस्तुको इकाई निर्धारण गर्न कानून बमोजिम चलन चल्तीमा रहेको साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) उपदफा (१) बमोजिम बनाएको, चलन चल्तीमा ल्याएको साधन, त्यसलाई बनाउने वा मर्मत गर्ने औजार समेत जफत हुनेछ ।

१९ख. नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गर्न नहुने : (१) कसैले कुनै व्यवसाय, कारोबार वा व्यापारको सिलसिलामा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन प्रयोग गर्नु पर्दा कानून बमोजिम त्यस्तो साधनको चलन चल्तीमा निर्धारण गरिएको नाप, तौल वा स्तरभन्दा घटी वा बढी हुने गरी कपटपूर्ण रूपमा प्रयोग गर्न, अर्को कुनै साधन वा उपायको मद्दतले त्यस्तो साधनको चलन चल्तीको नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुरामा प्रतिकूल प्रभाव पार्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।"

(२) दफा ३० को,–

(क) उपदफा (१) मा रहेका "निजलाई निरीक्षकले प्रत्येक कसूरमा बढीमा एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (३) मा रहेका "निजलाई बढीमा रु. १,०००।– एक हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म

कैद वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन् ।

१५. संक्षिप्त कार्यविधि ऐन, २०२८ मा संशोधन : संक्षिप्त कार्यविधि ऐन, २०२८ को,-

(१) दफा २ को खण्ड (क) र (ग) को सट्टा देहायका खण्ड (क) र (ग) राखिएका छन् :-

"(क) "उजुरी" भन्नाले अदालतमा दायर हुने फिरादपत्र, कुनै अन्य किसिमको उजुरी, नालिस वा दावी वा प्रतिदाबी सम्झनु पर्छ र सो शब्दले फौजदारी मुद्दाको हकमा अभियोगपत्र वा सो सम्बन्धी प्रतिवेदन समेतलाई जनाउँछ ।

(ग) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम कुनै खास किसिमका मुद्दाको कारवाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।"

(२) दफा ३ को उपदफा (३) मा रहेका "मुलुकी ऐन, अदालती बन्दोवस्तको ७८ नं. बमोजिमको" भन्ने शब्दहरूको सट्टा "मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १७२ वा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १०४ बमोजिमको" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ४ मा रहेका "कसैले फिरादपत्र नदिई प्रमाण खुलाई उजूर निवेदनपत्र दिएमा" भन्ने शब्दहरूको सट्टा "कसैले फिरादपत्र नदिई प्रमाण खुलाई उजूरी दिएमा" भन्ने शब्दहरू राखिएका छन् ।

(४) दफा ७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम जारी भएको समाह्वान वा इतलायनामा प्रचलित कानून बमोजिमको रीत पु¥याई तामेल गर्नु पर्नेछ ।"

(५) दफा ८ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २२५ र दफा २२६ तथा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९० मा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।"

(६) दफा ११क. को सट्टा देहायको दफा ११क. राखिएको छ :-

"११क. पुनरावेदन गर्ने म्याद : अदालतबाट भएको फैसला उपर चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनको अधीनमा रही पुनरावेदन गर्न सक्नेछ ।"

(७) अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छ :-

"अनुसूची-१

दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित

१. नेपाल एजेन्सी सम्बन्धी ऐन, २०१४ अन्तर्गतको मुद्दा,

२. रेडियो ऐन, २०१४ अन्तर्गतको मुद्दा,

३. पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ अन्तर्गतको मुद्दा,

४. संस्था दर्ता ऐन, २०३४ अर्न्तगतको मुद्दा,

५. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३० अन्तर्गतको मुद्दा,

६. चिठ्ठा ऐन, २०२५ को दफा ७ अन्तर्गतको मुद्दा,

७. शिक्षा ऐन, २०२८ को दफा १७ अन्तर्गतको मुद्दा,

८. पर्यटन ऐन, २०३५ को दफा ४६ अन्तर्गतको मुद्दा,

९. श्रम ऐन, २०४८ अन्तर्गतको मुद्दा,

१०. प्रचलित कानून बमोजिम गाउँपालिका वा नगरपालिकाको न्यायिक समितिको अधिकारक्षेत्र भित्रको मुद्दा,

११. अन्तःशुल्क ऐन, २०५८ अन्तर्गतको मुद्दा,

१२. प्रतिलिपि अधिकार ऐन, २०५९ अन्तर्गतको मुद्दा,

१३. कम्पनी ऐन, २०६३ अन्तर्गतको मुद्दा,

१४. मुलुकी देवानी (संहिता) ऐन, २०७४ को,-

(क) भाग ४ को परिच्छेद-१३ अन्तर्गतको अचल सम्पत्तिको हक सफा सम्बन्धी मुद्दा,

(ख) भाग ५ को परिच्छेद-१४ अन्तर्गतको ज्याला मजुरी सम्बन्धी मुद्दा,

(ग) दफा १०० बमोजिम सम्बन्ध विच्छेद हुँदा अंश नलिई एकमुष्ट रकम वा खर्च भराई दिने सम्बन्धी मुद्दा,

(घ) दफा २११ बमोजिम इज्जत आमद अनुसार खान लाउन दिन र आर्थिक हैसियत अनुसार शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्ने मुद्दा,

(ङ) दफा ४०१ विपरीत घर वहालमा बस्ने व्यक्तिलाई हटाएको सम्बन्धी मुद्दा ।

१५. मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २०१ अन्तर्गत मानबोचित न्यूनतम सुविधा नदिई थुनामा राखेको मुद्दा,

१६. प्रचलित कानूनमा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्ने भनी तोकिएको मुद्दा ।"

१६. स्थानीय प्रशासन ऐन, २०२८ मा संशोधन : स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) बेवारिसी मालसामान फेला परेमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गर्दा नेपाल सरकारलाई कुनै रकम तिर्नु पर्ने ठहरिएको व्यक्तिको मालसामान भएमा सो कार्यान्वित गर्न चाहिने जति मालसामान बिक्री गरी सरकारी कोषमा दाखिला गर्नु पर्नेछ ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपदफा (२) बमोजिमको मालसामान कुनै साहुको भएमा साहुलाई र सो बाहेक अन्य मालसामान भए धनी फेला परे धनीलाई र धनी फेला नपरे जसको घर जग्गामा फेला परेको छ उसैलाई दिनु पर्नेछ ।

तर सार्वजनिक स्थानमा कुनै वस्तु फेला परेमा स्थानीय निकायमा बुझाई दिनु पर्नेछ ।

(२ख) उपदफा (२क) बमोजिम मालसामान दिंदा फेला पार्नेले मालसामान पाउने भए त्यस्तो मालसामानको मूल्य कायम गरी सयकडा बीस सरकारी खातामा जम्मा गर्नु पर्नेछ र फेला पार्नेले मालसामान नपाउने भए फेला पार्नेलाई मालसामान प्राप्त गर्नेले सयकडा दश दिनु पर्नेछ ।"

(३) उपदफा (६क) मा रहेका "वा सार्वजनिक जग्गामा" भन्ने शब्दहरूको सट्टा "सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा" भन्ने शब्दहरू राखी सो उपदफामा रहेको स्पष्टीकरण झिकिएको छ ।

(४) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ :-

"(७) मानसिक सन्तुलन गुमाएको कुनै व्यक्तिलाई नियन्त्रण नगरी त्यसै छाडा राखेमा कुनै व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले निजको संरक्षक वा माथवर भए संरक्षक वा माथवर जिम्मा लगाउनु पर्नेछ र संरक्षक वा माथवर नभए निजलाई नजिकको अस्पतालमा राखी औषधि उपचारको व्यवस्था गर्नु पर्नेछ ।"

(५) उपदफा (१२) मा रहेका "दुई सय रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

१७. शिक्षा ऐन, २०२८ मा संशोधन : शिक्षा ऐन, २०२८ को दफा १७क. मा रहेका "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू झिकिएका छन् ।

१८. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधन : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को,-

(१) दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ :-

"२४. गिरफ्तार गर्ने अधिकार : (१) यस ऐन बमोजिमको कुनै कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान गर्ने अधिकारीले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई प्रहरीले गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबुत नष्ट गर्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर गरिरहेको अवस्थामा फेला पारेमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी गिरफ्तार गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि पनि छुटाई लैजान वा पक्रन नदिन कसूरदार वा निजको मद्दतगार कसैले हुलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिई हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुँडादेखि मुनि लाग्ने गरी सो पक्रन जाने

कर्मचारीले गोली चलाउन सक्छ । सो बमोजिम गोली चलाउँदा कसूरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्ने छैन ।"

(२) दफा २६ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएको छ :-

"(१क) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई कुनै किसिमले अतिक्रमण वा कब्जा गर्ने वा बिक्री गर्ने वा सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुऱ्याउने व्यक्तिलाई दश वर्षसम्म कैद वा दशलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।"

(३) दफा ३१ को उपदफा (१) मा रहेका "उपदफा (१) र (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१), (१क) र (२)" भन्ने शब्दहरू राखिएका छन् ।

१९. प्रमाण ऐन, २०३१ मा संशोधन : प्रमाण ऐन, २०३१ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम कुनै खास किसिमका मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।"

(२) दफा ६ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :–

"(घ) अन्यथा प्रमाणित भएकोमा बाहेक देहायको अवस्थामा जन्मिएको शिशु विवाहित पतिबाट जन्मिएको अनुमान गरिनेछ :-

(१) विवाह भएको मितिबाट एक सय असी दिन पछि जन्मिएको,

(२) पतिको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र जन्मिएको ।"

२०. मालपोत ऐन, २०३४ मा संशोधन : मालपोत ऐन, २०३४ को,–

(१) दफा २ को,-

(क) खण्ड (ख२) र (ख३) को सट्टा देहायको खण्ड (ख२) र (ख३) राखिएका छन् :–

"(ख२) "सरकारी जग्गा" भन्नाले नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सरकारी घर, भवन वा जग्गा, सडक, बाटो वा रेल्वे, वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान, नदी, खोलानाला, ताल, पोखरी तथा त्यसको डिल, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भिर, पहरा, डगर, बगर, सार्वजनिक बगैंचा, सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको जग्गा बाहेकको अन्य जग्गा सम्झनु पर्छ ।

(ख३) "सार्वजनिक जग्गा" भन्नाले सार्वजनिक प्रयोजनको लागि रहेका परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील, गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टीस्थल, चिहान, मसानघाट, समाधिस्थल, कब्रिस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जीद, इदगाह, कब्रस्थान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी जग्गा वा नेपाल

सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको अन्य जग्गा सम्झनु पर्छ ।"

(ख) खण्ड (ख३) पछि देहाएको खण्ड (ख४) थपिएको छ :-

"(ख४) सामुदायिक जग्गा भन्नाले कुनै समुदायले आफ्नो प्रयोगको लागि राखेको जग्गा सम्झनु पर्छ ।"

(२) दफा २४ र २९ को सट्टा देहायको दफा २४ र २९ राखिएका छन् :–

"२४. सरकारी, सार्वजनिक वा समुदायिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुने : (१) सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउन हुँदैन ।

तर नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि, सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहऱ्याएको कुनै कामको लागि र सामुदायिक जग्गा सम्बन्धित समुदायले उचित ठहऱ्याएको कुनै कामको लागि व्यवस्था गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन् ।

(२) कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ । त्यस्तो जग्गाको व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगत समेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्नेछ ।

(३) सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा सम्बन्धित मालपोत कार्यालयले दर्ता गरी तोकिए बमोजिमको अभिलेख अद्यावधिक राख्नु पर्नेछ ।

२९. सरकारी वा सार्वजनिक जग्गा दर्ता वा आबाद गरेमा हुने सजाय : कसैले सरकारी वा सार्वजनिक जग्गा दर्ता वा आबाद गराएमा त्यस्तो कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

२१. औषधि ऐन, २०३५ मा संशोधन : औषधि ऐन, २०३५ को दफा ३४ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) दफा १८ को विपरीत हुने गरी औषधिको अनुचित प्रयोग वा दुरुपयोग गरेमा वा दफा २९ विपरीत कसैले औषधिमा मिसावट गरेमा वा मिसावट भएको औषधि बिक्री गरेमा वा कुनै अरु थोकलाई औषधि भनी बिक्री गरेमा वा दफा ३० विपरीत म्याद नाघेको औषधि बिक्री वितरण गरेमा वा दफा ३३ विपरीत हुने गरी कुनै काम कारबाही गरेमा निजलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) त्यस्तो औषधि सेवन गरेको कारणले ज्यान मरिसकेकोमा कसूरको मात्रा अनुसार जन्मकैदसम्म,

(ख) त्यस्तो औषधि सेवन गरेको कारणले ज्यान मर्न सक्ने गरी खतरा पुगेको वा पुग्ने सम्भावना भएकोमा ज्यान मार्ने उद्योग गरे सरह,

(ग) त्यस्तो औषधि सेवन गरेको कारणले शरीरको कुनै अङ्गभङ्ग हुने वा सोको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (क), (ख) वा (ग) बाहेकको अन्य अवस्थामा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) कसैले यस ऐन बमोजिमको कसूर गरेको कारणबाट कसैको ज्यान मरेमा वा अङ्गभङ्ग भएमा वा अन्य हानि, नोक्सानी वा क्षति पुगेकोमा कसूरदारबाट सम्बन्धित पीडितलाई र निजको मृत्यु भएकोमा निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।"

२२. आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ मा संशोधन : आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ को दफा ९ को,-

(१) उपदफा ९.३.१ मा रहेका "तीन हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा ९.३.४ मा रहेका "पाँच सय रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन् ।

२३. नेपाल खानेपानी संस्थान ऐन, २०४६ मा संशोधन : नेपाल खानेपानी संस्थान ऐन, २०४६ को,–

(१) दफा १८ को उपदफा १८.१.२ को सट्टा देहायको उपदफा १८.१.२ राखिएको छ :-

"१८.१.२ खानेपानी वा खानेपानीको मुहानलाई दुषित गर्न,"

(२) उपदफा १९.१ पछि देहायको उपदफा १९.१क थपिएको छ :-

"१९.१क. उपदफा १८.१.२ विपरित काम कारवाही गर्ने गराउनेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।"

२४. जीवनाशक विषादी ऐन, २०४८ मा संशोधन : जीवनाशक विषादी ऐन, २०४८ को दफा १५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :–

"(२) दफा ११ विपरीत आयात वा निर्यात गर्ने, उत्पादन गर्ने वा दफा १२ उल्लङ्घन गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ र दफा ११ विपरीत प्रयोग वा किनबेच गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ । त्यस्तो विषादी समेत जफत गरिनेछ ।"

२५. बालबालिका सम्बन्धी ऐन, २०४८ मा संशोधन : बालबालिका सम्बन्धी ऐन, २०४८ को,-

(१) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. बालबालिकाको नाम थर पाउने र जन्म मिति कायम गर्ने : (१) प्रत्येक व्यक्तिले जन्मेपछि आ-आफ्नो धर्म, संस्कृति, चलन र परम्परा अनुसार निजको आमा वा बाबुले राखेको नाम पाउनेछ ।

(२) कसैको आमा वा बाबु तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा निजले आफूलाई हेरचाह गर्ने संरक्षक वा माथवरले राखे बमोजिमको नाम पाउनेछ ।

(३) प्रत्येक व्यक्तिले जन्मेपछि निजको आमा बाबुको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ ।

तर पितृत्वको ठेगान नलागेको व्यक्तिले आफ्नो नामको पछाडि आमाको थर प्रयोग गर्न पाउनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्नेछ ।

(५) कुनै व्यक्तिको थरको सम्बन्धमा प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो बाबुको थर प्रयोग गरेको मानिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमा दुवैको ठेगान नलागेको व्यक्तिले निजलाई हेरचाह गर्ने संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ ।

(७) कुनै बालबालिकाको जन्म मिति पत्ता लाग्न नसकेकोमा त्यस्तो बालबालिकालाई पाल्ने व्यक्ति वा संस्थाले दर्तावाला चिकित्सकको राय लिई निजको जन्म मिति कायम गर्नु पर्नेछ । अन्यथा प्रमाणित नभएसम्म सोही मितिलाई बालबालिकाको जन्म मिति मानिनेछ ।

(२) दफा ५३ को उपदफा (१) मा रहेको "तीन हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "पहिलो पटक भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना र दोस्रो पटकदेखि प्रत्येक पटक तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा २ को खण्ड (ख), दफा ८, ९, ११, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, र ५९ खारेज गरिएका छन् ।"

२६. <u>सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा संशोधन :</u> सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को,-

(१) दफा १६१ को,-

(क) उपदफा (१) मा रहेका "वा मुलुकी ऐन ज्यान सम्बन्धी महलमा उल्लिखित म्याद भित्र" भन्ने शब्दहरूको सट्टा "वा सोही चोटको परिणाम स्वरुप एक्काईस दिनभित्र" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "सर्वस्व

सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :–

"(२) कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देखिँदा देखिँदै पनि अपनाउनु पर्ने सतर्कता नअपनाई कसैले लापरबाही गरी कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरुप एक्काईस दिनभित्र मरेमा त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन बर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।"

(ग) उपदफा (४) को प्रतिबन्धात्मक बाक्यांशमा रहेका "सर्वश्वसहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा १६२ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको

त्यस्तो दुर्घटनाको कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई तीन वर्षदेखि दश बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना
हुनेछ । सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाँच हजार रुपैयाँ जरिबाना हुनेछ ।"

(ख) उपदफा (३) मा रहेका "दुई हजार रुपैयाँ जरिबाना" भन्ने शब्दहरूको सट्टा "मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा १७२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) दफा १६१ अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग-२ को परिच्छेद-१० मा उल्लिखित म्यादभित्र, दफा १६२ अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग-२, परिच्छेद-१४ मा उल्लिखित म्यादभित्र र यस ऐन अन्तर्गतका अन्य कसूरको हकमा कसूर भएको मितिले तीस दिनभित्र उजुर गर्नु पर्नेछ ।"

२७. <u>बन ऐन, २०४९ मा संशोधन</u> : बन ऐन, २०४९ को,-

(१) दफा ५० को उपदफा (१) को,

(क) खण्ड (क) मा रहेका "दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना

वा दुवै" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका "दश हजार रुपैयासम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ङ) मा रहेका "बिगो बमोजिम जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) खण्ड (च) मा रहेका "पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) खण्ड (छ) मा रहेका "प्रति विरुवाको एक सय रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "प्रति विरुवा पाँचसय रुपैयाँसम्म" भन्ने शब्दहरू राखी सोही खण्डमा रहेका "उक्त सजायमा एक हजार रुपैयाँ

थप जरिबाना" भन्ने शब्दहरूको सट्टा "प्रत्येक पटक एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै" भन्ने शब्दहरू राखिएका छन् ।

(च) खण्ड (ज) मा रहेका "पाँच हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "दुई वर्षसम्म कैद वा बीसहजार रुपैयाँसम्म जरिबाना वा दुवै" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ५९ को सट्टा देहायको दफा ५९ राखिएको छ :-

"५९. <u>गिरफ्तार गर्ने अधिकार</u> : (१) यस ऐन बमोजिमको कुनै कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान गर्ने अधिकारीले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई प्रहरीले गिरफ्तार गरी बाटोको म्याद

बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबुत नष्ट गर्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी गिरफ्तार गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ ।

(५) कुनै कसूरको सिलसिलामा गिरफ्तार गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई सो मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भै सकेको भए बयान

कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भैरहेको देखिएमा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।"

(३) दफा ६६ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहाएको प्रतिबन्धात्मक वाक्यांश थप्ने :-

"तर कसूरदार बाहेक अन्य व्यक्तिको हकमा त्यस्तो व्यक्तिले जानीजानी कसुरदारलाई सघाउ पुऱ्याउन त्यस्तो बोझबाहक प्रयोग गरेको वा प्रयोग गर्न दिएको अवस्था नदेखिएकोमा वा बिगो पचास हजार रूपैयाँभन्दा कम मोल पर्ने बोझबाहकको हकमा त्यस्तो बोझबाहक जफत नगरी उक्त कार्य गर्नेलाई अन्य दफाले हुने सजायमा पचास हजार रूपैयाँसम्म थप सजाय हुनेछ ।"

२८. <u>राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन</u> : राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :-

"१२. <u>पक्राउ गर्ने</u> : (१) यस ऐन बमोजिमको कुनै कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान गर्ने अधिकारीले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने

अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई प्रहरीले गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबूद नष्ट गर्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ।"

२९. नेपाल नर्सिङ परिषद् ऐन, २०५२ मा संशोधन : नेपाल नर्सिङ परिषद् ऐन, २०५२ को दफा २९ को उपदफा (१) मा रहेका "तीन हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

३०. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ मा संशोधन : मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २४ को उपदफा (४) मा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राखिएको छ।

३१. बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ मा संशोधन : बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा २ को खण्ड (क) मा रहेका "सोह्र वर्ष" भन्ने शब्दहरूको सट्टा "अठार वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

३२. नेपाल फार्मेसी परिषद् ऐन, २०५७ मा संशोधन : नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा २९ को उपदफा (१) मा रहेका "तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा

दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन् ।

३३. सशस्त्र प्रहरी ऐन, २०५८ मा संशोधन : सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ को उपदफा (१) मा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राखिएको छ ।

३४. नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन : नेपाल राष्ट्र बैंक ऐन, २०५८ को,–

(१) दफा ९५ को उपदफा (१) मा रहेका "जाली वा खोटो वा नक्कली वा प्रतिलिपि मुद्रा जारी गरेमा वा त्यस्तो मुद्रा वितरण वा लेनदेनमा संलग्न भएमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) दफा ९६ को उपदफा (१) मा रहेका "तीन वर्षसम्म कैद" भन्ने शब्दहरूको सट्टा "सात वर्षसम्म कैद" भन्ने शब्दहरू राखिएका छन् ।

३५. अन्त शुल्क ऐन, २०५८ मा संशोधन : अन्त शुल्क ऐन, २०५८ को दफा १२ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) उपदफा (३) को खण्ड (ङ) बमोजिम कुनै व्यक्तिलाई गिरफ्तार गरिएकोमा गिरफ्तार गरिएको व्यक्ति सहित त्यस्तो गिरफ्तारीको स्वीकृतिको लागि अन्त:शुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।"

३६. सैनिक ऐन, २०६३ मा संशोधन : सैनिक ऐन, २०६३ को दफा १०१ को,-

(१) उपदफा (१) को,

(क) खण्ड (क) मा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राखिएको छ ।

(ख) खण्ड (ख) झिकिएको छ ।

(२) उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राखिएको छ ।

(ख) खण्ड (घ) मा रहेका "अंश सर्वस्व वा" भन्ने शब्दहरू झिकिएका छन् ।

(३) उपदफा (४) मा रहेका "सर्वस्व सहित" भन्ने शब्दहरू झिकिएका छन् ।

३७. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन : मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ पूर्जी बिना पक्राउ गरिएकोमा पक्राउ परेको व्यक्ति सहित त्यस्तो पक्राउको स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।"

३८. भन्सार ऐन, २०६४ मा संशोधन : भन्सार ऐन, २०६४ को दफा ४० को सट्टा देहायको दफा ४० राखिएको छ :-

"४०. पक्राउ गर्न सक्ने : (१) दफा ३६ वा ३९ बमोजिम तलासी लिंदा कुनै व्यक्तिले यस ऐन अन्तर्गतको कसूर गरेको देखिन आएमा त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा

सबूत नष्ट गर्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर गरिरहेको अवस्थामा फेला परेमा भन्सार अधिकृत वा निजबाट अधिकार प्राप्त भन्सार कार्यालयका अन्य कर्मचारीले त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गर्न वा गर्न लगाउन सक्नेछ।"

३९. खारेजी र बचाउ : (१) देहायका कानूनहरू खारेज गरिएका छन् :-

(क) नागरिक अधिकार ऐन, २०१२,
(ख) नेपाल कोर्ट फी ऐन, २०१७,
(ग) गाली र बेइज्जती ऐन, २०१७,
(घ) जासूसी ऐन, २०१८,
(ङ) भिक्षा माग्ने (निषेध) ऐन, २०१८,
(च) मुलुकी ऐन,
(छ) जुवा ऐन, २०२०,
(ज) केही फौजदारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२०,
(झ) केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७,
(ञ) विवाह दर्ता ऐन, २०२८,
(ट) राजश्व न्यायाधिकरण ऐन, २०३१ को अनुसूची-१ को क्रम सङ्ख्या ४,
(ठ) राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६,
(ड) सर्वोच्च अदालत ऐन, २०४८ को दफा ५,
(ढ) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९,
(ण) करार ऐन, २०५६।

(२) उपदफा (१) बमोजिम खारेज भएका कानून बमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको देहायका काम कारवाहीको सम्बन्धमा देहाय बमोजिम हुनेछ :-

(क) कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको मुद्दा जुनसुकै तहमा भएपनि सोही अदालतबाट त्यस्तो कानून अर्न्तगतको नै कार्यविधि अवलम्बन गरी कारबाही र किनारा हुनेछ ।

(ख) कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसूरका मुद्दामा सजाय गर्नु पर्दा सोही कानून बमोजिम नै गर्नु पर्नेछ ।

तर कुनै फौजदारी कसूरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ ।

(ग) कुनै कानून अन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानून बमोजिम नै कार्यान्वयन हुनेछ ।

तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसूरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुनेछ ।

(घ) कुनै कानून अन्तर्गत कसूर मानिने काम मुलुकी अपराध संहिता बमोजिम कसूर नमानिने भएमा त्यस्तो कसूरसंग सम्बन्धित मुद्दा जुनसुकै तहको अदालतमा भएपनि स्वत: खारेज हुनेछ ।

(ङ) कुनै कानून अन्तर्गत दायर भएको वा दायर हुने कुनै मुद्दाको हदम्याद सोही कानून अन्तर्गत नै निर्धारण भएको मानिनेछ ।

(च) कुनै कानून अन्तर्गत निर्धारण भएको हदम्याद यो ऐन प्रारम्भ हुँदाका दिन सात दिनभन्दा कम रहेछ भने मुलुकी देवानी कार्यविधि संहिता वा मुलुकी फौजदारी कार्यविधि संहिता प्रारम्भ भएको मितिबाट सात दिनसम्म हदम्याद कायम रहेको मानिनेछ ।

(छ) कुनै कानून अन्तर्गत दायर भएको वा दायर हुने कुनै देवानी मुद्दाको हकदैया सोही कानून अन्तर्गत नै निर्धारण भएको मानिनेछ ।

(ज) कुनै कानून अर्न्तगत दायर भएको मुद्दामा राखिएको अदालती शुल्क ( कोर्ट फी) मुलुकी देवानी कार्यविधि संहिता बमोजिम नै राखिएको अदालती शुल्क मानी कारबाही र किनारा गरिनेछ ।

(३) उपदफा (२) मा लेखिएको विषयमा बाहेक उपदफा (१) बमोजिम खारेज भएको कानून अन्तर्गत भए गरेको काम कारबाही मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता वा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिम भए गरेको मानिनेछ ।

४०. रुपान्तर : (१) प्रचलित कानूनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छ :-

(क) "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१।",

(ख) "कोर्ट फी" को सट्टा "अदालती शुल्क"।

(२) हातहतियार तथा खरखजाना ऐन, २०१९ को ठाउँ ठाउँमा रहेका "लाइसेन्स" भन्ने शब्दको सट्टा "इजाजतपत्र" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

प्रमाणीकरण मिति: २०७४।६।३०

आज्ञाले,
कमलशाली घिमिरे
नेपाल सरकारको सचिव

# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७४ सालको ऐन नं. ४०

**भाषा आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावना : भाषा आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "भाषा आयोग ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २८७ बमोजिम गठित भाषा आयोग सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद-२

## आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधि

३. आयोगको काम, कर्तव्य र अधिकार : संविधानको धारा २८७ को उपधारा (६) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालमा बोलिने मातृभाषाको पहिचान गर्ने,

(ख) नेपालमा बोलिने मातृभाषाको संरक्षण, सम्वर्द्धन र विकासका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सरकारले अपनाउनु पर्ने नीतिगत वा संस्थागत उपायहरूको बारेमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(ग) नेपालमा बोलिने मातृभाषा तथा लिपिको संरक्षण, सम्वर्द्धन र विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न तथा गराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(घ) नेपालमा बोलिने मातृभाषा र तिनको इतिहासको अध्ययन, अनुसन्धान गरी प्रकाशन गर्ने,

(ङ) विभिन्न समुदायको मातृभाषा तथा लिपि संरक्षण, सम्वर्द्धन र विकास गर्न त्यस्तो भाषाको पुस्तक प्रकाशन गर्ने तथा त्यस्तो पुस्तक प्रकाशन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(च) नेपालमा बोलिने मातृभाषाको प्रयोगलाई प्रविधिमैत्री बनाउन अध्ययन अनुसन्धान गरी उपयुक्त उपाय अवलम्बन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(छ) राष्ट्र भाषाका भाषा विज्ञको सूची तयार गर्ने ।

४. राय परामर्श लिन सक्ने : आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग परामर्श गर्न वा राय लिन सक्नेछ ।

५. विशेषज्ञको सेवा लिन सक्ने : आयोगले यो ऐन र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ ।

६. समिति वा कार्यदल गठन गर्न सक्ने : (१) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यावधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति वा कार्यदलको काम वा कार्यक्षेत्रगत शर्त त्यस्तो समिति वा कार्यदल गठन गर्दाका बखत आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

७. समन्वय तथा सहकार्य गर्न सक्ने : आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-३

## अध्यक्ष तथा सदस्यको काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सुविधा

८. अध्यक्षको काम, कर्तव्य र अधिकार : (१) अध्यक्ष आयोगको प्रमुख पदाधिकारी हुनेछ । निजको सामान्य निर्देशन र सुपरिवेक्षणमा आयोगको सम्पूर्ण काम कारबाही सञ्चालन हुनेछ ।

(२) यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको काम कारबाहीमा समन्वय गर्ने,

(ख) आयोगले सम्पादन गर्नु पर्ने काममा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ग) आयोगको आर्थिक प्रशासन, मानवस्रोत व्यवस्थापन र कार्यालय व्यवस्थापनको सामान्य रेखदेख र सुपरिवेक्षण गर्ने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

९. पारिश्रमिक तथा सुविधा : (१) अध्यक्ष र सदस्यको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकेको पारिश्रमिक अध्यक्ष र सदस्य आफनो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी परिवर्तन गरिने छैन ।

(३) नेपाल सरकारबाट निवृत्तभरण पाइरहेको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियुक्त भएमा निजले सो पदमा बहाल रहेसम्म निवृत्तभरण वा हालको पदमा पाउने पारिश्रमिकमध्ये एउटा मात्र लिन पाउनेछ ।

## परिच्छेद-४

## आयोगको कार्य सञ्चालन

१०. आयोगको कार्यालय : आयोगको कार्य सञ्चालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहनेछ ।

११. आयोगको बैठक : (१) आयोगले यस ऐन बमोजिम गर्नु पर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ ।

(२) आयोगको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) आयोगको सचिवले आयोगको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा साधारणतया अठ्चालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(४) कुनै सदस्यले उपदफा (३) बमोजिम बैठकमा छलफल हुने विषयसूचीमा उल्लिखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारण सहितको सूचना बैठक बस्नुभन्दा

कम्तीमा चौबीस घण्टा अगावै आयोगको सचिवलाई दिनु पर्नेछ। त्यसरी सूचना प्राप्त हुनासाथ आयोगको सचिवले त्यसको जानकारी सबै सदस्यलाई दिनेछ र सो विषय आयोगको बैठकको कार्यसूचीमा परेको मानिनेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको बैठकमा उपस्थित सबै सदस्यको सहमतिले विषयसूचीमा नपरेको विषयमा पनि छलफल गरी निर्णय गर्न सकिनेछ।

(६) आयोगमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(७) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(८) आयोगको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(९) आयोगको निर्णयको अभिलेख आयोगको सचिवले तयार गरी अध्यक्ष तथा सदस्यको दस्तखत गराई राख्नेछ।

(१०) आयोगको वरिष्ठतम कर्मचारीले आयोगको बैठकमा सचिवको रूपमा कार्य गर्नेछ।

(११) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१२. स्वार्थ बाझिएमा निर्णय प्रक्रियामा भाग लिन नहुने : आयोगमा विचाराधीन कुनै विषयमा आयोगको कुनै सदस्यको हित, सरोकार वा स्वार्थ रहेको वा निजको नजिकको नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो सदस्यले आयोगलाई त्यस्तो कुराको पूर्वजानकारी दिनु पर्नेछ र त्यस्तो विषयमा आयोगबाट गरिने निर्णय प्रक्रियामा भाग लिन सक्ने छैन।

१३. कार्य विभाजन : अध्यक्ष र सदस्यको कार्य विभाजन आयोगले तोके बमोजिम हुनेछ।

१४. कार्यबाहक भई काम गर्ने : कुनै कारणवश अध्यक्षको पद रिक्त भएमा, निज निलम्बनमा परेमा, विदेश भ्रमणमा गएकोमा वा सात दिनभन्दा बढी समयसम्म बिदामा रहेकोमा आयोगको

वरिष्ठतम् सदस्यले आयोगको कार्यबाहक अध्यक्ष भई काम गर्नेछ ।

१५. आयोगको काम कारबाहीमा बाधा नपर्ने : कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र आयोगको काम कारबाहीमा बाधा पर्ने छैन ।

## परिच्छेद-५

## विविध

१६. आयोगको सङ्गठनात्मक संरचना र कर्मचारी : (१) आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) आयोगको कार्य सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

१७. शपथ : यो ऐन प्रारम्भ भएपछि नियुक्ति भएका सदस्यले अनुसूची बमोजिम प्रधान न्यायाधीश समक्ष शपथ लिनुपर्नेछ ।

१८. पदीय मर्यादा पालना गर्नु पर्ने : अध्यक्ष र सदस्यले प्रचलित कानून बमोजिमको पदीय आचरण र देहाय बमोजिमको पदीय मर्यादाको पालना गर्नु पर्नेछ :-

(क) स्वतन्त्र, निष्पक्ष र इमान्दारीपूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्ने,

(ख) बिभिन्न जातजाति, समुदाय तथा सम्प्रदाय बीचको सम्वन्धमा खलल पर्ने कुनै काम नगर्ने ।

१९. काम कारबाहीमा सहयोग गर्नु पर्ने : आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै निकाय वा पदाधिकारीको सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु त्यस्तो निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ ।

२०. सहयोगको लागि लेखी पठाउन सक्ने : कुनै निकाय वा पदाधिकारीले आयोगलाई आवश्यक सहयोग उपलब्ध नगराएमा आयोगले सहयोगको लागि त्यस्तो निकाय वा अधिकारीको तालुक निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेछ ।

२१. वार्षिक प्रतिवेदन : (१) आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा अन्य विषयको अतिरिक्त देहायका विषय समेत समावेश गर्नु पर्नेछ :-

(क) आयोगको वार्षिक कार्यक्रमको कार्यान्वयनको विवरण तथा लागत खर्च,

(ख) आयोगले नेपाल सरकार वा अन्य कुनै निकायलाई दिएको सिफारिस तथा सुझावको विवरण,

(ग) खण्ड (ख) बमोजिमको सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था,

(घ) आयोगको आर्थिक तथा भौतिक स्रोत साधन तथा त्यसको उपयोगको अवस्था,

(ङ) यस ऐन बमोजिम आयोगले पूरा गर्नु पर्ने दायित्व निर्वाहका सम्बन्धमा गरिएको अन्य काम कारबाहीको विवरण ।

२२. नेपाल सरकारसँग सम्पर्क : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२३. अधिकार प्रत्यायोजन : आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी अध्यक्ष, सदस्य, नेपाल सरकार, प्रदेश सरकार, कुनै निकाय वा स्थानीय सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. नियम बनाउने अधिकार : (१) यो ऐन कार्यान्वयन गर्नको लागि आयोगले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाउने नियममा नेपाल सरकारलाई आर्थिक भार वा दायित्व पर्ने विषय समावेश भएमा आयोगले अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगले बनाएको नियम नेपाल राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२५. निर्देशिका बनाउने अधिकार : आयोगले सम्पादन गर्नु पर्ने काम सुचारू रूपले सञ्चालन गर्न वा गराउनको लागि यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

अनुसूची
(दफा १७ सँग सम्बन्धित)

शपथ

म .......... (शपथ लिने व्यक्तिको नाम) .......... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु । ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही ....... ....... ...... ...... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :

नाम :

दस्तखत :

प्रमाणीकरण मिति: २०७४।६।३०

आज्ञाले,
कमलशाली घिमिरे
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. २५।-
गो.हु.द.नं. १६।२०६२।६३